बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

धादिङबेसी, धादिङ

## दुग्ध क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट मोडेल कार्यक्रमको पुनः प्रस्ताव आह्वानको सूचना

**दोस्रो पटक प्रकाशितः मिति २०८०/१२/०४ गते**

यस कार्यालयको को आ.व २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **दुग्ध क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट मोडेल कार्यक्रम** अन्तर्गतका तपशिलका क्रियाकलापहरु सञ्चालन गर्न **ग्रिन टु ह्वाइट सेन्टर** भित्रका इच्छुक **कृषक समूह/सहकारी/निजी फार्महरुबाट** मिति २०८०/०८/२१ गते तिस (३०) दिनको म्याद राखी प्रस्ताव पेश गर्न सूचना प्रकाशन गरिएकोमा माग बमोजिमको प्रस्ताव पेश हुन नआएकाले यो सूचना पुनः प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले पन्ध्र (१५) दिन (२०८०/१२/१८ गते) भित्र रु. दशको हुलाक टिकट टाँसी गरी **दुग्ध क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट मोडेल कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०** को **अनुसूची-२** बमोजिमको **आवेदन पत्र** सहित तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी यस कार्यालयमा आवेदन दर्ता गर्नहुन सूचित गराइन्छ । साथै रित नपुगी तथा म्याद नाघी आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिलः

| क्र.सं. | क्रियाकलाप | कार्यालयको तर्फबाट प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु. | सञ्चालन गर्न सकिने कार्यहरु | न्युनतम मापदण्ड र कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|---|
| १. | पशु आहाराको पौष्टिक गुण सुधार तथा अभिवृद्धि कार्यक्रम | लागतको ५० प्रतिशत साझेदारी | परालको उपचार (Physical, Chemical), हे, साइलेज, हेलेज, T.M.R., UMMB खरिद | १. कम्तीमा ५ वटा दुहुना गाई/भैंसी पालेको हुनुपर्ने<br>२. **ग्रिन टु ह्वाइट सेन्टर** (नीलकण्ठ न.पा., थाक्रे गा.पा र धुनिवेशी न.पा.) भित्र मात्र सञ्चालन हुने |
| २. | प्रविधि अनुशरण तथा प्रसार कार्यक्रम | मेशिनरी खरिदको हकमा ५०% र भौतिक निर्माणको हकमा ८०% साझेदारी हुने | च्याफकटर/ TMR मेशिन/ गोबर प्रशोधन गर्ने उपकरण खरिद, साइलो पिट निर्माण तथा अन्य आवश्यक उपकरणहरु | |
| ३. | दुधको गुणस्तर वृद्धि कार्यक्रम | बढीमा रु. १० लाख वा लागतको ५० प्रतिशत | दुध उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणसँग सम्बन्धित उपकरण, टिट डिपिङ, थुनेलो परीक्षण सामाग्री खरिद | |
| ४. | पशु आहारा आत्मनिर्भर कार्यक्रम | | | |
| ४.१ | घाँसको श्रोत केन्द्र स्थापना | बढीमा रु. ३ लाख वा लागतको ५० प्रतिशत साझेदारी हुने | १.आवेदकः निजी फार्म<br>२.घाँस खेतीको लागि न्युनतम १ हेक्टर जग्गा उपलब्ध हुनुपर्ने<br>३.जग्गा लिजमा लिएको हकमा सूचना प्रकाशनको मितिले कम्तीमा ५ वर्षको लिज अवधी रहेको हुनुपर्ने<br>४.ग्रिन टु ह्वाइट सेन्टर (नीलकण्ठ न.पा., थाक्रे गा.पा र धुनिवेशी न.पा.) भित्र मात्र सञ्चालन हुने | |

कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
पशु सेवा कार्यालय
धादिङबेंसी, धादिङ

<u>अनुसूचा-२ अनुसारका आवदन पत्र साथ पश गनुपन आवश्यक कागजातहरुः</u>

१. अनुसूची-४ बमोजिमको कार्ययोजना
२. अनुसूची-५ बमोजिमको स्व-घोषणा
३. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
४. कृषक समूह/सहकारी/निजी उद्यमी दर्ता/नविकरण र PAN दर्ता प्रमाणपत्रको प्रतिलिप
५. गत आ.व.को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (वा अन्य कुनै प्रमाणित कागज)
६. कृषक समूह/सहकारीको हकमा कार्यक्रम पेश गर्ने तथा अख्तियारी दिने सम्बन्धी बैठकको निर्णय प्रतिलिपि
७. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए सूचना प्रकाशनको मितिले कम्तीमा पाँच वर्षको करार अवधि कायम रहेको सम्झौता पत्र
८. कार्यक्रममा सहभागी गराइदिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट पशुको संख्या समेत खुलाउनुपर्ने )
९. कृषक समूह/सहकारीले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र ।

नोटः कार्यक्रम सम्बन्धी विस्तृत विवरण कार्यालयको सूचना पाटीबाट तथा फोन नं ०१०-५२०९६३ मा सम्पर्क गरी साथै **दुग्ध क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट मोडेल कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०** यस कार्यालयको वेबसाईट <u>https://vhlsecdhading.bagamati.gov.np/</u> वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेबसाईट <u>https://molmac.bagamati.gov.np/</u> बाट डाउनलोड गरी जानकारी लिन सकिनेछ ।

कार्यालय प्रमुख